# हल्दीवारी राजपत्र

**हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, पौष २४ गते २०७९ साल ( संख्या ३०**

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ३०

हल्दीवारी राजपत्र

# जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संसोधन) निर्देशिका, २०७९

<u>प्रस्तावनाः</u> कमजोर आर्थिक अवस्था भएका गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको स्वास्थ्योपचारमा केही मात्रामा आर्थिक सहयोग गर्ने र यस क्षेत्रभित्रको प्रवर्द्धनात्मक, निरोधात्मक एवं उपचारात्मक स्वास्थ्य प्रति प्रत्यक्ष तथा परोक्ष किसिमले संवेदनशिलता प्रदर्शन गर्दै सोही बमोजिमका कृयाकलापहरु मार्फत स्थानीयबासोको स्वास्थ्य स्थिति सुधा गर्दै स्वस्थ र सुखी हल्दीबारीबासको परिकल्पनालाई मुर्तता दिदै सामाजिक न्यायको अनुभुति समेत गराउने सोचका साथ यस गाउँपालिकाको प्रथम गाउँसभाद्वारा स्थापित जनता उपचार सहायता कोषको परिचालनलाई थप व्यवस्थित र पारदर्शी गर्न वाञ्छनीय देखिएकाले हल्दीबारी गाउँपालिकाको दोस्रो कार्यकालको प्रथम गाउँसभाबाट यो निर्देशिका संसोधन सहित लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संसोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका आ.व. ०७९।०८० देखि लागु हुनेगरी हल्दीबारी राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा र व्याख्याः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "लाभग्राही" भन्नाले देहायमा उल्लिखित कुनै एक वा सोभन्दा बढी रोग लागेको भनी स्वीकृत चिकित्सकबाट पहिचान भई हल्दीबारी गाउँपालिका क्षेत्रभित्रको सम्बन्धित वडाको वडाध्यले कमजोर आर्थिक अवस्था भएको भनी सिफारिस गरेको गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई सम्झनु पर्नेछः

- ✓ मृगौला प्रत्यारोपण गरेको वा डायलाइसिसको विरामी, वा
- ✓ क्यान्सरको विरामी, वा

- ✓ मुटुको सर्जरी गर्नुपर्ने विरामी, वा
- ✓ प्यारालाइसिसको विरामी, वा
- ✓ अन्य रोगका विरामी ।

(ख) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय तथा आवश्यकता अनुसार मातहतका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

(घ) " निर्देशिका" भन्नाले " जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संसोधन) निर्देशिका, २०७९" लाई सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यसै निर्देशिकाको दफा ९ बमोजिमको कोषलाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले यसै निर्देशिकाको दफा ५ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(छ) "सभा" भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ज) "वडा" भन्नाले हल्दीबारी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।

४. <u>सम्बन्धित वडाले समितिमा सिफारिस गर्नुपर्नेः</u> दफा (१) बमोजिम लाभग्राहीले सहायता प्राप्तिका लागि पेश गरेको आवेदन उपर छानवीन गरी योग्य लाभग्राहीको पहिचान गरी वडाले अनुसूची २ बमोजिमको ढाँचामा यस निर्देशिकाले व्यवस्था गरे बमोजिमको सहायता उपलब्ध गराउने सिफारिस सहित दफा ५ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ ।

५. <u>जनता उपचार सहायता कोष परिचालन समितिः</u> (१) यस निर्देशिका बमोजिम व्यवस्था गरिएको कोषको परिचालनलाई व्यवस्थित र पारदर्शी बनाउन ता लाभग्राहीलाई कोषबाट उपचारमा सहायता प्रदान गर्न गाउँपालिकामा देहाय बमोजिमको एक जनता उपचार सहायता कोष परिचालन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) कार्यपालिकाले तोकेको कम्तीमा एक जना महिला

सहित तीन जना कार्यपालिका सदस्य — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी — सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारी — सदस्य

(ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार उपयोग गर्न सकिनेछ ।

**६. जनता उपचार सहायता कोष परिचालन समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र समयमा कार्यालयमा बस्नेछ ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगाबै सदस्य- सचिवले बैठकमा छलफल हुने विषयहरुको सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) संयोजकले समितिको बैठकमा बढीमा दुई जनासम्म सम्बन्धित क्षेत्रका अन्य पदाधिकारीलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठकमा समितिमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(६) उपदफा (५) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय समितिको निर्णय हुनेछ ।

(७) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका संयोजकलाई प्रत्यायोजन गर्न सकिनेछ ।

(८) समितिको बैठकमा भाग लिए वापत समितिका पदाधिकारीहरुलाई कोषबाट खर्च व्यहोर्ने गरी कार्यालयले बैठक भत्ता उपलब्ध गराउन सक्नेछ ।

**७. जनता उपचार सहायता कोष परिचालन समितिको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकामा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त जनता उपचार कोष परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि कार्यपालिकालाई राय परामर्श उपलब्ध गराउने,

(ख) कोषबाट लाभग्राहीलाई उपलब्ध गराइने सेवा सुविधाको गणना गरी कार्यालयमा सिफारिस गर्ने,

(ग) जनताको स्वास्थ्योपचारसँग सम्बन्धित कोषबाट गरिने खर्चको क्षेत्र पहिचान गर्ने,

(घ) कोषको हिसाबकिताब अद्यावधिक गर्ने,

(ङ) कोषको विवरण बार्षिक रुपमा सार्वजनिक गर्ने,

(च) गाउँपालिकाले आफ्नै पहलमा सञ्चालन गर्ने ल्याब, बर्थिङ्ग सेण्टरसँग सम्बन्धित चालु तथा पुँजिगत प्रकृतिको खर्च पहिचान गरी कार्यालयमा खर्चका लागि सिफारिस गर्ने,

(छ) गाउँपालिका क्षेत्रभित्र महामारी तथा संक्रामक रोग फैलिन निदनका लागि प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक व्यवस्था मिलाउने,

(च) कार्यपालिकाले तोकेको कोषसँग सम्बन्धित अन्य काम गर्ने ।

८. <u>कोषबाट व्योहोरिने खर्चः</u> (१) यस निर्देशिकाको अन्यत्र दफाहरुमा उल्लेखित गरिएका खर्च गरिने क्षेत्र बाहेक लाभग्राहीहरुको स्वास्थ्योपचारमा केही हदसम्म सहयोग गरी स्थानीय हल्दीबारीबासी नागरिकहरुलाई स्थानीय सरकारको अनुभुति दिलाउनका लागि समितिको निर्णय एवं सिफारिसमा देहाय बमोजिमको रकम कार्यालयले कोषबाट लाभग्राहीलाई उपलब्ध गराउनेछः

(क) मृगौला प्रत्यारोपण/डायलाइसिसका विरामीलाई वढीमा पच्चीस हजार रुपैयाँसम्म,

(ख) क्यान्सरका विरामीलाई बढीमा पच्चीस हजार रुपैयाँसम्म,

(ग) मुटुको सर्जरी गर्नुपर्ने विरामीलाई बढीमा पच्चीस हजार रुपैयाँसम्म,

(घ) प्यारालाइसिसका बिरामीलाई बढीमा बीस हजार रुपैयाँसम्म,

(ङ) अन्य रोगका बिरामीलाई बढीमा दश हजार रुपैयासम्म,

(च) वर्थिङ् सेन्टर तथा ल्याब सञ्चालनका लागि चाहिने चालु र पुँजिगत प्रकृतिका खर्च र

(छ) गाउँपालिका मातहतका स्वास्थ्य संस्थाबाट जनतालाई निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने औषधी खरिदको लागि आवश्यक पर्ने रकम ।

(२) यसै निर्देशिकाको दफा ७ मा उल्लिखित समितिको काम, कर्तव्य र अधिकार तथा जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा कार्यपालिकाको निर्णय बमोजिम व्योहोर्नु पर्ने रकम समेत कोषबाट खर्च व्यहोरिने छ ।

९. जनता उपचार सहायता कोष र यसको लेखापरीक्षणः (१) यस निर्देशिका बमोजिमको रकम लाभग्राहीलाई उपलब्ध गराउन एवं निर्देशिकाले तोकेका क्षेत्रमा खर्च गर्नका लागि गाउँपालिकामा एउटा छुट्टै जनता उपचार सहायता कोष रहनेछ, र सो कोषमा देहायका रकमहरु रहनेछनः

(क) सभा तथा कार्यपालिकाको निर्णयबाट विनियोजन रकम,

(ख) दातृ निकाय/ व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराइने रकम,

(ग) ल्याब सञ्चालनबाट आर्जित रकम ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम यस निर्देशिकाले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकेनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१०. वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेः (१) समितिले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन कार्यपालिकाले एक महिनाभित्र सार्वजनिक गर्नेछ ।

११. बाधा अड्काउ फुकाउन सक्नेः यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ, र सोको जानकारी सभामा पेश गर्नुपर्नेछ ।

१२. खारेजी र बचाउः (१) जनता उपचार कोष परिचालन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

हल्दीबारी राजपत्र

**अनुसूची १**

**(निर्देशिकाको दफा ३ सँग सम्बन्धित)**

**लाभग्राहीले पेश गर्नुपर्ने निवेदन ढाँचा**

**मितिः.........................**

**श्री वडा अध्यक्ष ज्यू**
**........... नं. वडा कार्यालय**
**हल्दीबारी, झापा ।**

**महोदय**

**विषयः उपचारको लागि आर्थिक सहयोगको सिफारिस गरिदिनुहुन ।**

**उपरोक्त सम्बन्धमा हल्दीबारी गाउँपालिका वडा नं. ............ बस्ने म निवेदक विगत मिति....................... देखि ............................ रोगबाट पिडित भई............................ अस्पतालमा उपचार गराई रहेको/ रहेको छु । मेरो घर परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले मलाई लागेको रोगको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनुहुन भनि हल्दीबारी गाउँपालिकाको जनता उपचार सहायता कोष समितिमा सिफारिस गरिदिनुहुन यो निवेदन पेश गर्दछु ।**

**बिरामीको विवरण**

- नाम थरः..........................
- बाबु/ पतिको नाम थरः..........................
- बाजे/ससुराको नाम थरः............................
- ठेगाना.............................. ना.प्र.प.नं....................

संलग्न कागजातहरु

- रोगको विवरण खुल्ने चालु आ.व. को सम्बन्धित अस्पतालको पत्र,
- नागरिकताको प्रमाण पत्र/ जन्मदर्ताको प्रमाण पत्र,
- नागरिकताको स्थायी ठेगाना (यस गाउँपालिका नभएको भए बसाइसराई दर्ताको प्रमाणपत्र/विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्र)
- स्वास्थ्य उपचार बिमा गराएको प्रमाण,
- उपचारसँग सम्बन्धित अन्य कागजातहरु, आदि ।

विरामीको फोटो टाँस्ने

निवेदकको

हस्ताक्षरः

नाम थरः

ठेगानाः

| दाँया | बाँया |
|---|---|
| | |

हल्दीबारी राजपत्र

## अनुसूची- २

### (निर्देशिकाको दफा ४ सँग सम्बन्धित)

### वडा कार्यालयबाट गरिने सिफारिस ढाँचा

### हल्दीबारी गाउँपालिका

### ..........नं. वडा कार्यालय

झापा, १ नं. प्रदेश, नेपाल

प.स.

**च.नं.**

**मितिः**

**<u>विषयः उपचारको लागि आर्थिक सहयोग गरिदिने बारे ।</u>**

**श्री जनता उपचार सहायता कोष परिचालन समिति**
**हल्दीबारी गाउँपालिका, झापा ।**

**प्रस्तुत विषयमा हल्दीबारी गाउँपालिका वडा नं. ……… बस्ने श्री ……………………………… को नाति/नातिनि/बुहारी श्री ……………………………… को छोरा/छोरी/ पत्नी श्री…………………………… मिति……………………… देखी……………………………… रोगबाट ग्रसित भई ………………………………… अस्पतालमा उपचार गराईरहनु भएको छ । निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले स्वास्थ्य उपचारको लागि जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य कोष सञ्चालन (पहिलो संसोधन) निर्देशिका, २०७९ बमोजिम सहयोग रकम उपलब्ध गराईदिनु हुन तपशिलमा उल्लेखित कागजात संलग्न राखी तहाँ समितिमा सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।**

**….** विरामीको फोटो **……….**

**वडा**

**<u>संलग्न कागजातहरु</u>**

- **रोगको विवरण खुल्ने चालु आ.व. को सम्बन्धित अस्पतालको पत्र**
- **नागरिकताको प्रमाणपत्र/ जन्मदर्ताको प्रमाणपत्र**
- **नागरिकताको स्थायी ठेगाना(यस गाउँपालिका नभएको भए बसाईसराई दर्ताको प्रमाण पत्र/विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाण पत्र)**
- **स्वास्थ्य उपचार बिमा गराएको प्रमाण,**
- **उपचारसँग सम्बन्धित अन्य कागजातहरु, आदि**

आज्ञाले
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत